# कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७८

कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ मा सामयिक संशोधन गर्न वाञ्छनीय भएकोले प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ बमोजिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

(१) **संक्षिप्त नाम र प्रारम्भ** :- (१) यस कार्यविधिको नाम कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०७८ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(२) **कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७ को दफा ६ मा संशोधन** :- कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ६ को - (१) उपदफा (२) को खण्ड (घ) मा रहेका "प्रदेश लेखा नियन्त्रकको कार्यालय सँगको समन्वयमा" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उपदफा (३) मा रहेका "एउटा कार्यालयमा कम्तिमा २ वर्षको अवधि" भन्ने शब्दहरुको सट्टा "'क' वा 'ख' वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तिमा डेढ वर्षको अवधि र अन्य कार्यालयमा कम्तिमा दुई वर्षको अवधि" भन्ने शब्दहरु राखिएका छन् ।

(३) **मूल कार्यविधि को दफा ९ मा संशोधन** :- (१) मूल कार्यविधिको दफा ९ को उपदफा (१) को खण्ड (क) मा रहेका "भाद्र १ देखि भाद्र १५ गतेसम्म" भन्ने शब्दहरुको सट्टा "भाद्र एक देखि भाद्र मसान्त सम्म" भन्ने शब्दहरु राखिएका छन ।

(२) खण्ड (ख) मा रहेका "भाद्र १६ गतेदेखि भाद्र मसान्त सम्म" भन्ने शब्दहरुको सट्टा "असोज एक गते देखि असोज पन्ध्र गते सम्म" भन्ने शब्दहरु राखिएका छन् ।